जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २७८ २०८२ साल जेठ २८ गते बुधबार (11 June 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : एआई साक्षरताको ... ३ पृष्ठमा : आयोगले एकैसाथ तीन ... ३ पृष्ठमा :पोसम, छेपारो र ट्यारान्टुला...

## राजविराज नगरपालिका दिनभर तनावग्रत

# प्रमुख प्रशासकीय अधिकृत यादवले गरे पदभार ग्रहण

## निलम्बित मेयर पक्षद्वारा कर्मचारी माथि कुटपिट र कार्यालयमा तोडफोड





**दैनिक समाचारदाता**
**राजविराज, २७ जेठ।**

दिनभर तनावग्रत बन्न पुगेका राजविराज नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत भोगेन्द्र प्रसाद यादवले मंगलबार पदभार ग्रहण गरेका छन्।

निलम्बित नगरप्रमुख भीमराज यादव पक्षको विरोध प्रदर्शन र धर्नाकाबीच कार्यबाहक नगरप्रमुख इसरत परवीनले कार्यालयमा लगाइएको ताल्चा फुटाएर उनलाई पदभार ग्रहण गराएको हो।

यसअघिका प्रमुख प्रशासकीय अधिकृतको सरुवा र नयाँ निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीको बिषयलाई लिएर कार्यबाहक र निलम्बित नगरप्रमुखबीच बिबाद भएको थियो।

प्रमुख जिल्ला अधिकारी भोला दहालको पहलमा सोमबार अबेर साँझ सम्म छलफल गर्दा समेत दुबैपक्ष बीच सहमति हुन नसकेपछि मंगलबार राजविराज नगरपालिका कार्यालयमा आईतबार निलम्बित नगरप्रमुख भीमराजको अगुवाईमा लगाइको ताला फोडेर कार्यबाहक नगरप्रमुख परवीन सहितका जनप्रतिनिधिहरु कार्यालयमा प्रवेश गरेपछि स्थिति तनावपुर्ण बनेको हो।

ताल्चा फुटाएर प्रमुख प्रशासकीय अधिकृत यादवलाई पदभार ग्रहण गराइरहँदा भीमराज समर्थकहरुले नगरपालिमा तोडफोड गरेका छन्।

तोडफोडका क्रममा नगरपालिकाका लेखापाल शत्रुघन दास र सर्वसाधारण कमल किशोर साह घाईते भएका छन्। घाइते दुबैको गजेन्द्रनाराण सिंह अस्पतालमा उपचार भईरहेको छ। यसै गरी तोडफोडको दृश्य मोबाईलमा खिचिरहँदा तीन जना सर्वसाधारण समेत प्रदर्शनकारीबाट कुटिएका छन्।

प्रमुख प्रशासकीय अधिकृत डा.श्रवणकुमार साहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७ दिन अघि सरुवा गरेर राजबिराज नगरपालिकाकै कर्मचारी शिक्षा अधिकृत भोगेन्द्र प्रसाद यादवलाई निमित्तको जिम्मेवारी दिएपछि निलम्बित मेयर भीमराज यादव पक्ष त्यसको विरोधमा उत्रेका थिए।

निलम्बित नगरप्रमुख यादवकै अगुवाईमा तीन दिन अघि नगरपालिकामा तालाबन्दी गरि धर्ना र रिले अनसन शुरु गरिएको थियो। कार्यबाहक नगरप्रमुख परवीनले मन्त्रालयले पत्र पठाई सकेको व्यक्तिलाई नै निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिनुपर्ने तर्क गरिरहँदा निलम्बित नगरप्रमुख भीमराजले डा.साहलाई नै प्रमुख प्रशासकीय अधिकृतको रुपमा राखिनुपर्ने अथवा दरबन्दी अनुसारको उपसचिब स्तरकै प्रमुख प्रशासकीय अधिकृत मन्त्रालायबाट भिकाउनु पर्ने लगायतका विभिन्न ९ बुदे माग राख्दे तालाबन्दी र धर्ना शुरु गरेका थिए।

निलम्बित नगरप्रमुख र उनका समर्थक तालाबन्दी र धर्नामा उत्रेपछि कामकाज प्रभावित भएको जनगुनासो बढ्दै गएपछि प्रमुख जिल्ला अधिकारी भोला दहालको पहलमा दुबै पक्ष तथा अन्य सरोकारबाला निकायका प्रतिनिधि राखेर वार्ताबाट सहमति निकाल्ने प्रयास गरिएपनि सहमति बन्न सकेको थिएन। निलम्बित नगरप्रमुख यादवले निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिन लागिएका भोगेन्द्र यादवलाई कुनै पनि हालतमा नस्वीकार्ने अडान लिएपछि वार्ता र छलफल कुने निष्कर्ष निस्केन।

तीनदिन देखि लगातार कार्यालय बन्द रहेको अवस्थामा कार्यालयको दैनिक कामकाज र विभिन्न विकास निर्माणका काम समेत अगाडी बढ्न नसकेपछि कार्यबाहक नगरप्रमुख परवीनले करीब आधा दर्जन वडाध्यक्ष, कार्यपालिका सदस्य, केही वडा सदस्य तथा नागरिक अगुवा सहितको उपस्थितिमा मंगलबार ताला फोड्दै मन्त्रालयको परिपत्र अनुसार भोगेन्द्र प्रसाद यादवलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको पदभार ग्रहण गराएकी हुन्।

यादवको पदभार ग्रहण कार्यको विरोधमा निलम्बित नगरप्रमुख भीमराज सहित आएका उनका समर्थकहरु नगरपालिकामा ढुङ्गामुढा गर्दै कार्यालयका झ्यालढोका सिसा, तीनवटा मोटरसाईकल, कार्यबाहक मेयर चढ्ने गाडीको सिसा र कार्यालय प्रांगनमा जडान रहेको दुईवटा सिसि क्यामरा फुटाई दिएको कार्यबाहक मेयर परवीनले बताईन्।

उनले नगरपालिकाबाट सहज रुपमा सेवा प्रदान गर्न ताला खोलिदिन पटक पटक आग्रह गर्दा पनि वेवास्ता गरेकाले नगरवासी र प्रशासनको सहयोगमा ताला फोड्न बाध्य भएको बताईन्।

उनले भ्रष्टाचार आरोपमा अदालतबाट समेत सजाय तोकिएर निलम्बनमा परेका व्यक्तिबाट बिगत तीन बर्ष देखि नगरपालिकाको हरेक कामकाजमा प्रत्यक्ष हस्तक्षेप हुनु दुखद भएको बताईन कुटपीट र तोडफोडमा सहभागि भएकाहरुलाई अविलम्ब पक्राउ गरि कारवाही हुनुपर्ने उनको माग समेत छ।

यता तनावकै बीच निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा भोगेन्द्र यादवले पदभार ग्रहण गरेका छन्। बाहिर निलम्बित नगरप्रमुख भीमराज पक्षले प्रदर्शन गरिरहँदा कार्यबाहक नगर प्रमुख परवीन सहित केही जनप्रतिनिधि र कर्मचारीहरुले पदभार ग्रहण गराउँदै उनलाई बधाई तथा शुभकामना दिए।

पदभार ग्रहण गर्दे निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवले जटिल परिस्थितीमा आफूले जिम्मेवारी पाएको भएपनि इमान्दारीका साथ सो जिम्मेवारी पुरा गर्ने प्रतिबद्धता जनाए। निलम्बित नगरप्रमुख भीमराजले नगरपालिकामा विभिन्न विकास निर्माण कार्यमा

*बाँकी अन्तिम पृष्ठमा*

**घरभाडा चाहिएमा**

राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्र मेनरोडमा पसल, संघ-संस्था, बैंक, बित्तिय संस्था, विमा कम्पनी लगायत प्रयोजनका लागि सटर तथा कोठाहरु भाडामा चाहिएमा समपर्क गर्नुहोस्।

राजविराज ४

९८४२८२१०८२, ९८१९७२५०८२

## दश महिनामा १३ खर्ब ५६ अर्ब ६१ करोड विप्रेषण आप्रवाह

काठमाडौं, २७ जेठ (रासस)।

चालु आर्थिक वर्षको दश महिनामा रु १३ खर्ब ५६ अर्ब ६१ करोड विप्रेषण आप्रवाह भएको छ।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको दश महिनाको तथ्याङ्कमा आधारित भएर आज सार्वजनिक गरेको देशको वर्तमान आर्थिक प्रतिवेदनअनुसार गत वैशाख मसान्तसम्म उक्त रकम स्वदेश भित्रिएको हो।

वैशाख महिनामा मात्र रु एक खर्ब ६५ अर्ब ३० करोड भित्रिएको थियो।

गत वैशाख मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि चार लाख पाँच हजार ६१० जनाले अन्तिम स्वीकृति र दुई लाख ८० हजार ३१४ ले पुनः श्रम स्वीकृति लिएका छन्।

प्रतिवेदनअनुसार वैशाख मसान्तसम्ममा मुलुकको चालु खाता रु दुई खर्ब ५५ अर्ब ९३ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु एक खर्ब ९३ अर्ब ३१ करोडले बचतमा थियो।

वैशाख मसान्तसम्ममा खुद पुँजीगत ट्रान्सफर रु आठ अर्ब ४८ करोड रहेको छ भने रु १० अर्ब ६० करोड बराबर प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ। समीक्षा अवधिमा शोधनान्तर बचत रु चार खर्ब ३८ अर्ब ५२ करोड रहेको छ। विदेशी विनिमय सञ्चिति रु २५ खर्ब १२ अर्ब ९५ करोड पुगेको छ।

समीक्षा अवधिको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रमा रहेको विदेशी विनिमय सञ्चितिले १७ दशमलव चार महिनाको वस्तु आयात र १४ दशमलव छ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने केन्द्रीय बैंकले जनाएको छ।

## नागरिकले उचित मूल्यमा औषधि पाउने वातावरण तयार गर्छौं: मन्त्री पौडेल

काठमाडौं, २७ जेठ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलसमक्ष औषधिको मूल्यबारे सुझाव दिन गठित समितिले आफ्नो प्रतिवेदन पेस गरेको छ।

स्वास्थ्य मन्त्रालयमा आज आयोजित कार्यक्रममा समितिका संयोजक डा पोषराज पाण्डेले प्रतिवेदन प्रस्तुत गर्दै हरेक दुई वर्षमा मूल्य समायोजनका लागि सुझाव दिइएको बताउनुभयो।

प्रतिवेदन ग्रहण गर्दै मन्त्री पौडेलले लामो समयसम्म औषधिको मूल्यको गहन रूपमा अध्ययन नहुँदा कतिपय औषधिको मूल्य समयअनुसार बढी भएको

*बाँकी तीन पृष्ठमा*

# कोशी प्रदेशबाटै पूर्वी एसियातर्फ फर्कियो मनसुन

काठमाडौँ, २७ जेठ (रासस) ।

नेपालमा सरदर मितिभन्दा १५ दिन अघि अर्थात यही जेठ १५ गते मनसुन कोशी प्रदेश भित्रिएको थियो ।

तर मनसुन कोशी प्रदेशबाटै पूर्वी एसिया फर्किएको छ । पूर्वी एसिया क्षेत्रमा बलियो न्यूनचापीय क्षेत्र बनेकाले मनसुनी वायु नेपालको कोशीबाट उता सोहोरिएको मौसमविद् बताउँछन् ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाले भन्नुभयो, “मनसुन पूर्वी एसिया क्षेत्र मुख्यगरी फिलिपिन्सतिर सोहोरिएर गएकाले कोशीबाट अन्यत्र फैलिन पाएन, अझै केही दिन मनसुन फैलिने सम्भावना देखिँदैन ।”

मनसुन भित्रिए लगत्तै जेठ १७ गते पूर्वी नेपालमा ठूलो वर्षा र बाढी आयो । धरान-धनकुटा सडकखण्डको साँगुरीगढी गाउँपालिका-६ स्थित फेदीको १०० मिटर सडक लेउती खोलाको बाढीले बगायो । झापामा माइखोलाको बाढीले २२ घर डुबान भयो । त्यसपछि वर्षा भएको छैन ।

त्यसो त पश्चिम तथा मध्यक्षेत्रमा स्थानीय र पश्चिमी वायु सक्रिय छ । मौसमविद् झा पश्चिमी वायु अझै बलियो रहेकाले मनसुन आउन नपाएको बताउनुहुन्छ ।

नेपालमा बङ्गालको खाडीको जलवाष्प बोकेर मनसुनी वायु आउने गर्छ । तर त्यो कमजोर भएको उहाँले बताउनुभयो । जसका कारण हाल देशभर तापक्रम वृद्धि भइरहेको छ । मौसमविद्का अनुसार यसरी मनसुन ‘ब्रेक’ हुनु राम्रो सङ्केत होइन । यसले कतै धेरै वर्षा गराउने र कतै खडेरी पार्ने हुनसक्छ ।

**बुधवार (आज)देखि बदली हुने**

मौसमविद् झाले बुधवारदेखि नेपालका कतिपय क्षेत्रमा फेरि बदली सुरु हुने बताउनुभयो । उहाँका अनुसार अहिले बङ्गालको खाडीमा फेरि अर्को न्यून चापीय प्रणाली बनेको छ ।

भारतको मध्यभूभागमा पनि न्यून चापीय क्षेत्र बन्दै गएको उहाँले बताउनुभयो । जसको असर नेपालमा आइपुग्ने छ र वर्षा गराउने छ । यसवर्ष जल तथा मौसम विज्ञान विभागले धेरै वर्षा हुने र गर्मी पनि बढी हुने आँकलन सार्वजनिक गरिसकेको छ । जसअनुसार राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले विपद प्रतिकार्य योजना लागू गरिसकेको छ ।

प्राधिकरणका प्रवक्ता रामबहादु केसीले करिब २० लाख मानिस प्रभावित हुने र त्यसको १० प्रतिशतलाई राहत तथा उद्धार गर्नुपर्ने अवस्था आउन सक्ने अनुमानसहित तयारी गरिरहेको बताउनुभयो ।

# एआई साक्षरताको अपरिहार्यता

**- लिलाराज भट्टराई**

काठमाडौँ, २७ जेठ (रासस)।

मेरी आमा लेखपढ गर्न जान्नुहुन्न तर सामाजिक सञ्जाल फेसबुकमा आफैँ फोटो र स्टाटस लेखेर पोष्ट गर्नुहुन्छ । हातले लेख्न आउँदैन तर मुखले लेख्नुहुन्छ अर्थात् बोलेर लेख्नुहुन्छ । मलाई ग्राफिक डिजाइन पटक्कै आउँदैन तर मलाई आवश्यक पर्ने ग्राफिक डिजाइन म आफैँ बनाउँछु । कहिलेकाहीँ छक्क पर्छु यो मैले नै बनाएको हो त ?

मलाई पोडकाष्ट बनाउने रहर थियो । पूरा हुन पाएको थिएन । अहिले म पोडकाष्ट बनाउँछु । म चाहिँ बोल्दिन । मेरोभन्दा कैयौँ गुणा राम्रो आवाज भएका प्रस्तोता छन् । तर उनीहरू मान्छे होइनन् । एआईले नै पोडकाष्ट बनाइदिन्छ नेपाली भाषामै ।

कहीँ केही विषयमा प्रस्तुति गर्नुपर्‍यो भने तुरुन्त मिनेटमा गुणस्तरीय प्रस्तुति तयार गर्छु । यी त साधारण र आधारभूत उदाहरण मात्र हुन् । एआई साक्षर बन्न सक्दा हिजो जान्दै नजानेका, जानेर पनि गर्न नसकेका, गर्दा पनि महिनौँ लाग्ने काम अहिले एआईले मिनेटभरमै गर्न थालेको छ । त्यसैले एआई साक्षरता अहिलेको आवश्यकता हो ।

मानव सभ्यताको विकासक्रममा ‘साक्षरता’ को परिभाषा निरन्तर विकसित हुँदै आएको छ । विगतमा अक्षर चिन्ने, पढ्न र लेख्न जान्ने व्यक्तिलाई ‘साक्षर’ भनिन्थ्यो । तर, प्रविधिको द्रूत विकासले यो परम्परागत परिभाषालाई चुनौती दिएको छ । आजको युगमा प्रविधि हाम्रो दैनिक जीवनको अभिन्न अङ्ग बनिसकेको छ । स्मार्टफोनदेखि स्मार्ट घरसम्म, प्रविधिले हाम्रो जीवनशैलीलाई पूर्ण रूपमा रूपान्तरण गरिरहेको छ । यसैले, अब साक्षरताको परिभाषा पनि बदलिएको छ । पढ्न(लेख्न जानेर मात्र पुग्दैन, प्रविधिमा साक्षर बन्नु अपरिहार्य भएको छ । र, यसको केन्द्रमा छ(आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अर्थात् कृत्रिम बौद्धिकता ।

आगामी दिनहरूमा एआई साक्षरता आवश्यकता मात्र होइन, अनिवार्य बन्ने अवस्था सिर्जना हुँदैछ । अबको जमानामा साँचो साक्षरता भन्नाले डिजिटल र कृत्रिम बौद्धिकताको उपयोग गर्नसक्ने क्षमतालाई मानिनेछ । जसरी विगतमा हाम्रा पुर्खाहरू साक्षर नहुँदा पीडा भोग्नुपर्‍यो, त्यसैगरी अहिलेका युवापुस्ता एआई साक्षर नबन्दा आगामी केही वर्षमै रोजगारी, शिक्षा र सूचनाका नयाँ ढोकाहरूबाट वञ्चित हुनेछन् ।

**एआई के हो ?**

एआई, अङ्ग्रेजी शब्द ‘आर्टिफिसियल इन्टेलिजेन्स’ को सङ्क्षिप्त रूप हो, जसलाई नेपालीमा ‘कृत्रिम बुद्धिमता’ वा ‘कृत्रिम बौद्धिकता’ भनिन्छ । शाब्दिक रूपमा हेर्दा यो मानिसले सिर्जना गरेको बौद्धिकता हो । मानव जाति मात्र यस्तो प्राणी थियो जसमा सिक्ने, बुझ्ने, सोच्ने, विचार गर्ने र निर्णय गर्ने क्षमता थियो । यही क्षमताका कारण मानव सभ्यताले आजको स्वरूप प्राप्त गरेको हो । जब मानिसमा रहेको यही क्षमतालाई मेसिनले अनुकरण गरी मानिसले जस्तै सोच्ने, बुझ्ने, विचार गर्ने र आफैँ निर्णय गर्न सक्ने बनाइयो, त्यसलाई कृत्रिम बौद्धिकता भनिन्छ । सरल शब्दमा भन्नुपर्दा बुद्धि भएको मेसिन नै एआई हो ।

हालै क्यानडाले पूर्वरेडियो पत्रकार इभान सोलोमनलाई ‘एआई मन्त्री’ बनाएको घटनाले विकसित राष्ट्रहरूले एआईलाई कति गम्भीरताका साथ लिएका छन् भन्ने स्पष्ट पार्छ । नेपालमा पनि हालै प्रस्तुत बजेटमा एआईलाई सम्बोधन गरिएको छ ।

हाम्रो मोबाइल, अफिस, गाडी र घरहरूसम्म एआई समावेश भइसकेको छ । हामी जानेर वा नजानेर एआईको प्रयोग गरिरहेका छौँ । केही समयमै एआई हाम्रो जीवनको अभिन्न अङ्ग बन्दैछ । एआईको नयाँनयाँ आविस्कारले संसारसँग हाम्रो अन्तरक्रियाको तरिका नै परिवर्तन गरिदिएको छ । शिक्षा, स्वास्थ्य, यातायात, कृषि, पर्यटन, प्रशासन, मनोरञ्जन, सुरक्षा लगभग हरेक क्षेत्रमा एआईको प्रयोग तीव्र गतिमा बढिरहेको छ । यसको सबैभन्दा महत्वपूर्ण पक्ष यो हो कि यसले मानवले महिनौँ लगाएर गर्न नसक्ने काम मिनेटमै सम्पन्न गरिदिन्छ । मानिस थाक्छ, तर मेसिन भएकाले एआई थाक्दैन ।

स्वास्थ्य क्षेत्रमा क्रान्ति : एआईले स्वास्थ्य क्षेत्रमा अभूतपूर्व क्रान्ति ल्याइरहेको छ । कोरोना भ्याक्सिनको तीव्र विकासमा एआईको भूमिका महत्वपूर्ण थियो । बेलायतमा मुटु रोग चाँडै पत्ता लगाउन र मधुमेहको स्तर स्वचालित रूपमा नियन्त्रण गर्न एआईको प्रयोग भइरहेको छ । क्यान्सरलगायतका असाध्य रोगहरूको निदान र उपचारमा पनि एआईले चिकित्सकहरूलाई सशक्त साथ दिइरहेको छ ।

यातायातमा प्रगति : चालकविहीन कारहरू अहिले विश्वभरका सडकहरूमा गुडिरहेका छन् । गुगल जस्ता कम्पनीहरूले पनि चालकविहीन सवारीसाधनको विकासमा ठूलो लगानी गरिरहेका छन् । यसले यातायात प्रणालीलाई सुरक्षित र प्रभावकारी बनाउने सम्भावना बोकेको छ ।

मिडिया र सञ्चारमा रूपान्तरण: मिडिया क्षेत्रमा समाचार उत्पादन, प्रशोधन, प्रकाशन र प्रसारणमा एआईले सहयोग पु¥याइरहेको छ । मानिसजस्तै देखिने एआई एङ्करहरूले समाचार र कार्यक्रम प्रस्तुत गर्ने क्रम बढ्दो छ, जसले सञ्चारमाध्यमको भविष्यलाई नयाँ दिशा दिइरहेको छ ।

कृषिमा उत्पादकत्व वृद्धि: भारतको तेलङ्गानामा एआई प्रयोग गरेर खेती गर्दा उत्पादनमा उल्लेखनीय वृद्धि भएको पाइएको छ । एआईले माटोको अवस्था विश्लेषण गर्ने, बालीको निगरानी गर्ने र सिँचाइ तथा मलको आवश्यकता निर्धारण गर्ने जस्ता कार्यहरूमा किसानहरूलाई मद्दत गर्छ ।

निर्णय निर्माण र प्रशासन: एआईलाई सल्लाहकारका रूपमा राख्ने क्रम बढ्दो छ । भारतको विद्यालयमा एआईले शिक्षकले भन्दा गुणस्तरीय ढङ्गले पढाउने गरेको छ । अब एआईले के गर्छभन्दा पनि ‘एआईले के चाहिँ गर्दैन?’ भन्ने समय आउँदैछ ।

**एआई साक्षरता के हो त ?**

जसरी अक्षर चिन्ने, पढ्न, लेख्न र जान्नेलाई ‘साक्षर’ भनिन्छ, त्यसैगरी, एआई बुझ्ने, जान्ने र प्रयोग गर्नेलाई ‘एआई साक्षर’ भनिन्छ । यो एआईको जमाना हो । एआई हाम्रो जीवनको सबै पक्षहरूमा पसिरहेको छ । त्यसैले पढ्न(लेख्न जानेर मात्र पुग्दैन, प्रविधिमा पनि साक्षर बन्नै पर्छ । प्रविधिमा साक्षर नबने अबको जमानामा अघि बढ्न सकिँदैन । जो अपडेट हुँदैन, ऊ आउटडेट हुन्छ ।

एआई साक्षर भनेको एआई विज्ञ बन्नु भनेको होइन । तर, यति चाहिँ जान्नुपर्छः एआई के हो ? एआईले के गर्छ ? एआईका के कस्ता उपकरणहरू (टुल्स) आएका छन् र तिनीहरूलाई कसरी प्रयोग गर्न सकिन्छ ? एआई प्रयोगका सीमाहरू के छन् ? यसका चुनौतीहरूलाई कसरी सामना गर्ने ? एआई साक्षर नभई सुरक्षित, नैतिक र जिम्मेवार ढङ्गले एआई प्रयोग गर्न सकिँदैन । कुन गलत र कुन सही छुट्याउन पनि सकिँदैन । ‘डिपफेक’ जस्ता प्रविधिले सजिलै झुक्याउन सक्छ । एआई साक्षर भएपछि एआईद्वारा सिर्जित सूचनाको विश्लेषण गर्न सकिन्छ । त्यसैले एआई साक्षरता भनेको एआई प्रणालीहरूले कसरी काम गर्छन्, तिनीहरूले हाम्रो जीवनमा के र कसरी प्रभाव पार्छन् र एआईलाई सुरक्षित, नैतिक र प्रभावकारी रूपमा कसरी प्रयोग गर्न सकिन्छ भनेर बुझ्ने र एआईको विकासमा सहभागी हुन सक्ने क्षमता हो । एआई साक्षरता भनेको केवल प्रविधि सिक्नु मात्र होइन यो एउटा जीवनोपयोगी क्षमता पनि हो । जसरी हामीले पढ्न(लेख्न सिकेपछि संसार बुझ्न सक्यौँ । त्यस्तै, एआई बुझ्न सकेपछि हामी डिजिटल युगमा जिम्मेवार नागरिक बन्न सक्छौँ ।

**एआई साक्षरता किन आवश्यक छ ?**

एआई हाम्रो दैनिक जीवनमा प्रवेश गरिसकेको छ । दैनिक जीवनलाई सरल, सहज र द्रुत बनाउन, समय बचाउन एआई साक्षरता आवश्यक छ । एआई साक्षरताले गलत जानकारीबाट बचाउँछ । चाहिएका जानकारी छिनको छिनमै पाउन सकिन्छ । एआई प्रणाली पनि पूर्वाग्रही हुन सक्छन् त्यो थाहा पाउन पनि एआई साक्षर बन्न जरुरी छ । एआई साक्षर बनेपछि आफ्नो काम र करियरमा अनेकौँ नयाँ ढोका खोल्न सकिन्छ । एआई साक्षरताले नागरिकको सक्रियता बढाउँछ । एआई साक्षर भनेको डिजिटल लोकतन्त्रको आधार हो ।

**एआई साक्षर नबन्दा के हुन्छ ?**

**१. रोजगारी गुमाउने खतरा र अवसरको वञ्चितता :**

एआईले धेरै क्षेत्रका लाखौँ रोजगारी खोस्ने त्रास बढेको छ । तर, वास्तविकता के हो भने एआईले रोजगारी खोस्दैन मात्र, त्योभन्दा कैयौँ गुणा बढी नयाँ रोजगारीहरू सिर्जना पनि गर्छ तर, त्यसका लागि एआई साक्षर

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

# आयोगले एकैसाथ तीन मुद्दा दायर गर्‍यो

काठमाडौँ, २७ जेठ (रासस) ।

ऋण दिलाइ दिएबापत घुस लिएको अभियोगमा नेपाल राष्ट्र बैंकका तत्कालीन अध्यक्ष डा चन्द्रबहादुर अधिकारी पाँच जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ । नेपाल बैंक लिमिटेडबाट हुने ऋण प्रक्रियामा सहजीकरण गरिदिने भन्दै अध्यक्ष डा अधिकारीले घुस लिएको आयोगको आरोप छ ।

रुपन्देहीको सिद्धार्थनगर नगरपालिका-१ बेलहियामा रहेको भुसाल हस्पिटालिटीअन्तर्गतको परियोजनाले रु एक अर्ब ७७ करोड २९ लाख ८६ लाख ७६५ बराबरको ऋण लिनका लागि बैंकका अध्यक्ष डा अधिकारीले रु १९ लाख रकम लिएको पाइएको छ ।

ऋण प्रक्रियाका लागि बैंकमा कागजात पेस गरेपछि भुसाल हस्पिटालिटीका अध्यक्ष बालकृष्ण भुसाल र निजका छोरा अङ्कित भुसालसँग पटकपटक भेटघाट गरेको र सामाजिक सञ्जालमार्फत कुराकानी गरेको पाइएको छ । ऋण मिलाई सहजीकरण गर्न गराउन प्रतिवादीहरु लक्की भनिने खुस नसिब अन्सारीसमेत प्रतिवादीसँगको मिलेमतोमा २०८१ भदौ फरकफरक व्यक्तिमार्फत ३ गते रु सात लाख र रु १२ लाख बराबर रकम चेकमार्फत लिएको पाइएको छ ।

आयोगले तत्कालीन अध्यक्ष डा अधिकारी, नसिब अन्सारी, अमृत भुसाल, अङ्कित भुसाल र बालकृष्ण भुसालविरुद्ध पनि समान बिगो माग दाबी गर्दै सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

नेपाल बैंकका तत्कालीन अध्यक्ष डा अधिकारीले ऋण सहजीकरण गरिदिने भन्दै तनहुँको आबुखैरहनीमा रहेको अकला देवी ट्रेडर्सका सञ्चालकसँग रु ५० लाख घुस माग गरेको पाइएको छ । आयोगले डा अधिकारीविरुद्ध रु ५० लाख बराबरको बिगो माग दाबी गरेको छ ।

नारायणप्रसाद बराल, दानबहादुर कार्की र सुन्दरबहादुर बानियाँ, सन्तोष सुवेदी, लक्की खान भन्ने खुस नसिब अन्सारीविरुद्ध पनि समान रु ५० लाख बराबरको बिगो माग दाबी गर्दै दोस्रो मुद्दा दायर गरेको छ ।

आयोगले डा अधिकारीविरुद्ध तेस्रो मुद्दा पनि दायर गरेको छ । काठमाडौँ महानगरपालिका ३२ मा रहेको हिमाल तराई कन्स्ट्रक्सन प्रालीको ऋण प्रक्रियामा सहजीकरण गर्ने भन्दै रु पाँच लाख घुस लिएको पाइएको छ । आयोगले डा अधिकारी, रमेश आचार्यविरुद्ध पाँच लाख बराबरको बिगो माग दाबी गर्दै तेस्रो मुद्दा दायर गरेको हो ।

आयोगले अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा काठमाडौँ महानगरपालिकाका तत्कालीन इन्जिनियर रामबाबु महतो कोइरीविरुद्ध मुद्दा दायर गरेको छ । आयोगले इन्जिनियर कोइरी सार्वजनिक पद धारण गरेको विसं २०४६ वैशाख १९ गतेदेखि विसं २०७८ फागुन ३० गतेसम्मको अवधिको परीक्षण गरेको थियो । सो अवधिमा कोइरीको वैध आय रु तीन करोड ३७ लाख ७९ हजार ४०० रहेको थियो ।

कोइरीले रु सात करोड ९६ लाख ७६ हजार ८०४ बराबरको रकम खर्च तथा लगानी गरेको पाइएको छ । आयोगले गरेको परीक्षणबाट रु चार करोड ५८ लाख ९७ हजार ४०३ बराबरको रकमको स्रोत पुष्टि हुन नसकेको पाइएको छ ।

इन्जिनियर कोइरीले सार्वजनिक सेवामा रहँदा अख्तियारको दुरुपयोग गरी आर्जन गरेको रकम श्रीमती मालाकुमारी महतोका नाममा जग्गा खरिद, शेयर खरिद, घर निर्माण र बैंक मौज्दात राखेको पाइएको छ । आयोगले इन्जिनियर रामबाबु र उहाँकी श्रीमती मालाकुमारीविरुद्ध बिगोबमोजिमको कारबाहीको माग गर्दै मुद्दा दायर गरेको छ ।

## नागरिकले...

हुन सक्ने देखिएकाले समायोजनका लागि समिति गठन गरिएको बताउनुभयो ।

स्वास्थ्यमन्त्रीको निजी सचिवालयका अनुसार प्रतिवेदनका माध्यमबाट औषधिको गुणस्तर सुधार, व्यवस्थापन र सुशासन कायम गर्न मद्दत पुग्ने विश्वास मन्त्री पौडेलले व्यक्त गर्नुभयो । उहाँले उचित मूल्यमा औषधि प्राप्त गर्ने वातावरण बनाउन तयार पार्न आफू क्रियाशील रहेको बताउँदै प्राप्त सुझाव कार्यान्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

स्वास्थ्य मन्त्रालयका सचिव डिल्लीराम शर्माले प्रतिवेदन कार्यान्वयनमा स्वास्थ्य मन्त्रालयअन्तर्गतका सबै निकायको सक्रिय सहयोग अपरिहार्य भएकामा जोड दिनुभयो ।

## एआई...

हुनुपर्छ । एआई नजान्नेको जागिर जान सक्छ र नयाँ अवसरहरू नपाउने सम्भावना रहन्छ । भविष्यको श्रम बजारमा एआई साक्षरता एक आधारभूत योग्यता बन्नेछ ।

**२. शिक्षामा पछि परिने :**

विकसित देशहरूले एआईमा आधारित शिक्षण प्रक्रिया अपनाएर सिकाइ कार्यलाई कैयौँ गुणा प्रभावकारी बनाएका छन् । उनीहरूले विद्यालय तहदेखि नै एआई पाठ्यक्रम विकास गरेका छन् र विद्यार्थीहरूलाई नैतिक रूपमा एआई उपकरणहरू प्रयोग गर्न अनुमति दिएका छन्, जसले गर्दा उनीहरूको शिक्षाको स्तर उकासिएको छ । एआई साक्षर नबने सो अवसरबाट हामी वञ्चित बन्नेछौँ र विश्व शैक्षिक प्रतिस्पर्धामा पछि पर्नेछौँ ।

**३. सूचना र समाचारमा भ्रम :**

भारत, पाकिस्तान र अमेरिकामा भएका चुनावहरूमा एआईले बनाएका 'डिपफेक' भिडियोका कारण हजारौँ मानिस गलत समाचारले प्रभावित भए । एआई साक्षर नबन्दा कुन सही समाचार र कुन गलत हो भनेर छुट्याउन सकिँदैन । गलत सूचना र दुष्प्रचारले समाजलाई गलत दिशानिर्देश गर्नेछ । एआई साक्षरताले मात्र हामीलाई डिजिटल युगमा आलोचनात्मक सोचका साथ सूचनाको उपभोग गर्न सिकाउँछ ।

**४. प्रविधिको उपभोक्ता मात्र बन्ने :**

यदि हामी एआई साक्षर बन्न सकेनौँ र एआईलाई पाठ्यक्रममै समावेश गरी युवा पुस्तालाई साक्षर बनाउने काममा लागेनौँ भने हामी प्रविधिको उपभोक्ता मात्रै बन्नेछौँ, निर्माता र नीति निर्माता बन्ने अवसर कहिल्यै पाउने छैनौँ । यसले राष्ट्रिय स्वायत्तता र आर्थिक विकासमा समेत नकारात्मक असर पार्नेछ ।

**नीति निर्माण :** एआईको विकास, नियमन र साक्षरतालाई प्रवर्द्धन गर्ने स्पष्ट राष्ट्रिय नीतिहरू निर्माण गर्नुपर्छ । यसमा डेटा गोपनीयता, नैतिक एआई प्रयोग र साइबर सुरक्षा जस्ता पक्षहरू समेटिनुपर्छ ।

अबको जमानामा अक्षर मात्र होइन, एआई बुझ्नु नै साँचो साक्षरता हुँदैछ । भविष्यमा एआई नजान्ने व्यक्तिलाई 'नयाँ अशिक्षित' का रूपमा हेरिनेछ । हामी अहिलेदेखि नै नीतिगत ढङ्गबाटै एआई साक्षरता र एआईको विकासमा अघि नबढे भविष्यमा डिजिटल दास मात्र बन्नुपर्नेछ, डिजिटल नेतृत्व गर्न सक्ने छैनौँ । 'हैट, एआई त नसिकी नहुने रहेछ !' भन्ने भावना हरेक नेपालीमा जागृत हुनुपर्छ, किनकि यही नै हाम्रो भविष्यको आधार हो ।

**के गर्ने त ?**

एआई साक्षरता हासिल गर्न र यसको अधिकतम लाभ उठाउनका लागि निम्न कदमहरू चाल्नु अपरिहार्य छ :

**विद्यालय तहदेखि नै साक्षरता :** प्राथमिक शिक्षादेखि नै एआईका आधारभूत अवधारणाहरू र यसको प्रयोगबारे पाठ्यक्रममा समावेश गर्नुपर्छ ।

**युवा तथा व्यवसायी लक्षित तालिम :** विभिन्न पेसा र उमेर समूहका लागि एआईका उपकरणहरू प्रयोग गर्ने व्यावहारिक तालिमहरू सञ्चालन गर्नुपर्छ ।

**सार्वजनिक सचेतना अभियान :** एआईका फाइदा, जोखिम र नैतिक प्रयोगबारे जनचेतना फैलाउने अभियानहरू सञ्चालन गर्नुपर्छ । यस प्रकार कम्तीमा एआई साक्षर बन्न र बनाउन ढिला गर्नु हुँदैन ।

*(लेखक इटहरिमा रहेर पत्रकारिता गर्नुहुन्छ)*


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### पोसम, छेपारो र ट्यारान्टुलासहित भारतीय तस्कर पक्राउ

मुम्बई, २७ जेठ (रासस/एएफपी) ।

भारतीय भन्सार अधिकारीहरूले थाइल्यान्डबाट आएका एक यात्रुबाट लुप्तप्राय वन्यजन्तुहरूको पछिल्लो 'महत्त्वपूर्ण' जफत गरेको सरकारी वक्तव्यले जनाएको छ । जफत गरिएका वन्यजन्तुहरूमा छेपारो, सनबर्ड र रूखमा चढ्ने पोसमसहित झन्डै एक सय जीवजन्तु थिए ।

भन्सार अधिकारीहरूका अनुसार दुई ट्यारान्टुला माकुरा र कछुवा समेत बोकेका यात्रुले भारतको वित्तीय राजधानी मुम्बई आइपुग्दा 'घबराहटका सङ्केतहरू प्रदर्शन गरेका थिए' । जुन महिनाको सुरुमा थाइल्यान्डबाट पनि आएका दर्जनौँ विषालु भाइपरहरू तस्करी गर्नबाट एक यात्रुलाई रोकेपछि यो जफत गरिएको हो ।

जफत गरिएका वन्यजन्तुहरूमा इगुआनासका साथै किन्काजौ वा हनी बियर-मेक्सिकोको वर्षावनबाट आएको सानो रेकुन जस्तो जनावर(साथै अस्ट्रेलियामा फेला परेको ग्लाइडिङ पोसम, छवटा 'सुगर ग्लाइडर' समावेश छन् ।

भन्सार एकाइले जारी गरेको तस्बिरहरूमा छवटा सुगर ग्लाइडर टोकरीमा सँगै बसेका र छेपारोले भरिएको बक्स पनि देखाइएको छ ।

"एउटा महत्त्वपूर्ण कारबाहीमा भन्सार अधिकारीहरूले... एक भारतीय नागरिकलाई रोके... जसले गर्दा धेरै जीवित र मृत वन्यजन्तु प्रजातिहरू जफत गरियो, तीमध्ये केही वन्यजन्तु संरक्षण कानून अन्तर्गत संरक्षित छन्", वित्त मन्त्रालयले सोमबार राति एक विज्ञप्तिमा भन्यो ।

जङ्गली जनावर र बोटबिरुवाको तस्करीसँग लड्ने वन्यजन्तु व्यापार मोनिटर ट्राफिकले मङ्गलबार विदेशी घरपालुवा जनावरको व्यापारद्वारा सञ्चालित तस्करीमा 'धेरै चिन्ताजनक' प्रवृत्तिको चेतावनी दिएको छ ।

पछिल्लो साढे तीन वर्षमा थाइल्यान्ड(भारत हवाई मार्गमा सात हजारभन्दा बढी जीवित र मृत जनावर जफत गरिएको छ ।

मुम्बई विमानस्थलका भन्सार अधिकारीहरू तस्करी गरिएको सुन, नगद वा गाँजा जफत गर्न बढी अभ्यस्त छन्, तर हालै वन्यजन्तु जफत गर्ने घटनाहरूमा क्रमिक वृद्धि देखिएको छ ।

भन्सार अधिकारीहरूले जुनको सुरुमा थाइल्यान्डबाट उडेको एक भारतीय नागरिकबाट दर्जनौँ सर्प र धेरै कछुवा जफत गरेका थिए । तिनीहरूमा धेरै स्पाइडर-टेल्ड हर्न्ड भाइपरहरू थिए । स्पाइडर-टेल्ड हर्न्ड भाइपर विषालु प्रजाति हो जसलाई वैज्ञानिकहरूले सन् २००६ मा मात्र वर्णन गरेका थिए र प्रकृति संरक्षणका लागि अन्तर्राष्ट्रिय सङ्घ (आइयुसिएन) द्वारा 'लुप्तप्रायको नजिक' भनेर वर्गीकृत गरिएको छ ।

ट्राफिकले आफ्नो विश्लेषणले अधिकांश मामिलामा थाइल्यान्डबाट तस्करी गरिएका जनावरहरू समावेश भए पनि ८० प्रतिशतभन्दा बढी अवरोधहरू भारतमा भएको देखाएको छ ।

"भारतमा आउने मार्गमा वन्यजन्तुको लगभग साप्ताहिक खोज र विविधता निकै चिन्ताजनक छ", ट्राफिकको दक्षिणपूर्वी एसियाका निर्देशक कनिथा कृष्णसामीले भन्नुभयो, "पक्राउ परेकामध्ये धेरै जीवित थिए, जसले विदेशी घरपालुवा जनावरहरूका लागि हाहाकारले व्यापारलाई चलाइरहेको देखाउँछ ।"

फेब्रुअरीमा मुम्बई विमानस्थलमा भन्सार अधिकारीहरूले इन्डोनेसिया, मलेसिया र थाइल्यान्डको जङ्गलमा पाइने सानो बाँदर, पाँच सियामाङ गिब्बनसहित एकजना तस्करलाई पनि रोकेका थिए ।

भन्सार अधिकारीहरूका अनुसार आइयुसिएनले लुप्तप्राय भनेर सूचीबद्ध गरेको ती साना जीवहरू यात्रुको ट्रली व्यागभित्र राखिएको प्लास्टिकको क्रेटमा 'कुशलतापूर्वक लुकाइएको' थियो ।

नोभेम्बरमा अधिकारीहरूले १२ वटा कछुवाको जीवित कार्गो बोकेका एक यात्रुलाई भेट्टाएका थिए ।

### गाजाको अल-अमल अस्पताल सेवा विहिन : डब्ल्यूएचओ

गाजा, २७ जेठ (रासस/क्यूएनए) ।

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) का महानिर्देशक डाक्टर टेड्रोस अधानोम घेब्रेयससले दक्षिणी गाजाको खान युनिसस्थित अल-अमल अस्पताल क्षेत्र वरपर बढ्दो इजरायली आक्रामकका कारण सेवा विहिन भएको चेतावनी दिनु भएको छ ।

सामाजिक सञ्जाल एक्समा डाक्टर घेब्रेयससले अस्पताल बिरामीको पहुँच विहिन र नयाँ बिरामी लिन रोक लगाएकाले बिरामीहरुले ज्यान गुमाउनु पर्ने जोखिम बढेको बताउनु भएको छ । केहि राष्ट्रिय र अन्तर्राष्ट्रिय चिकित्सा टोलीहरू अझै पनि अस्पताल परिसरमा सीमित चिकित्सा आपूर्तिका साथ बाँकी बिरामीहरुको सेवा गर्न सक्दो प्रयास गरिरहेको उहाँले प्रष्ट पार्नु भएको छ ।

अल-अमल अस्पतालमा नयाँ बिरामीहरुका लागि बन्द भएपछि नासिर मेडिकल कम्प्लेक्स घाईते तथा बिरामीहरुको उपचारका लागि एक मात्र अस्पताल भएको उहाँले उल्लेख गर्नु भएको छ ।

अल-अमल र नासेर कम्प्लेक्स दुवैले इजरायली आक्रमण र नाका बन्दीको कारण क्षमता भन्दा बढी घाइते तथा बिरामीहरुको उपचार गरिरहेको जनाइएको छ ।

सन् २०२३ अक्टोबरमा गाजामा इजरायली आक्रमण सुरु भएदेखि, २.३ मिलियन भन्दा बढी प्यालेस्टिनीहरुले खराब मानवीय प्रकोपको सामना गरिरहेका छन् । निरन्तर बढ्दो अभावले भयाभह स्थिती निम्त्याउन संयुक्त राष्ट्रसङ्घले बारम्बार चेतावनी दिएको छ भने इजरायलले अस्पताल, आश्रय तथा नागरिक पूर्वाधारलाई लक्षित गरि आक्रमण गरी रहेको छ ।

# दरभङ्गा महाराजको नासो लथालिङ्ग बन्दै

महोत्तरी, २७ जेठ (रासस)।

छिमेकी भारतको पुरानो दरभङ्गा राज्यका महाराज रामेश्वर सिंहको नासो महोत्तरीको गौशालास्थित निगौल गाई गौशाला अहिले लथालिङ्ग बनेको छ। साधन स्रोत भएर पनि त्यसको कुशल व्यवस्थापन नहुँदा एक समयको साख मानिने गाई गौशालाको अवस्था अहिले नाजुक बनेको हो।

विसं १९८३ तिर तत्कालीन दरभङ्गा महाराज रामेश्वर सिंहले २०० बिघा जग्गा र एक हजार ५०० लैना गाईको व्यवस्थापन गरेर नेपाल सरकारलाई जिम्मा लगाएका निगौल गाई गौशाला अहिले भद्रगोल बनेको छ। दरभङ्गा महाराजले आफ्ना प्रतिनिधि ब्रह्मदेव ठाकुरमार्फत गौशाला सञ्चालनको प्रबन्ध नेपाल सरकारलाई सुम्पेका थिए। त्यसयताका १०० बर्षमा यसको विकासको सट्टा अधोगति हुँदै जाँदा अब निगौल गाई गौशाला अस्तित्व धान्न नसक्ने अवस्थामा पुगेको छ।

जग्गा, बजार, गोठ एवं पक्की कार्यालय भवनसहितका साधन स्रोत भए पनि यी गौशालाको हितमा प्रयोग नभएपछि संस्थाको अवस्था खस्कँदै गएको गौशाला-९ डुमरबानाका ६५ वर्षीय शिवशरण राय बताउनुहुन्छ।

कहिलेकाहीँ सरकारका मन्त्री, विभिन्न निकायका प्रमुख र जनप्रतिनिधि पुगेर अब यो फेरिन्छ भन्ने गरेका कुरा अब यहाँका बासिन्दाका लागि पत्यारिलो हुन छाडेको छ। पछिल्लो पटक गत माघ मसान्ततिर अहिलेका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले गौशालाको स्थलगत अवलोकन गरेर यसको दीर्घकालिक समाधानका लागि पहलकदमी लिइने बताउनुभएको यहाँका बासिन्दा सम्झन्छन्।

स्थापनाकालदेखि नै तत्कालीन सरकारले यसको रेखदेख र व्यवस्थापन त्यतिखेरका बडाहाकिमलाई तोकेको थियो। पछि अञ्चलाधीश र २०४७ यता जिल्ला प्रशासन कार्यालयको जिम्मेवारीमा रहने व्यवस्था २०६८ सम्म रह्यो। त्यसयता राष्ट्रिय सहकारी विकास बोर्ड अभिभावकत्वको यो संस्था अब राष्ट्रिय सहकारी नियमन प्राधिकरणअन्तर्गत रहने प्रस्ताव छ। खासमा जिल्लामा सरकारका मुख्य प्रतिनिधिका हैसियतमा प्रमुख जिल्ला अधिकारी गाई गौशाला सञ्चालक बोर्डको अध्यक्ष रहने प्रावधान हटेपछि स्थानीय रूपमा अभिभावकत्व गर्ने कोही नहुँदा यहाँको मनपरी झन् बढेको गौशालाका स्थानीय बताउँछन्।

गौशाला र निगौलमा गरी छवटा गोठमा भरिभराउ रहने गाई अहिले तीनवटा गोठमा खुम्चिएका छन्। २०६८ सालसम्म यहाँ गाईको सङ्ख्या झन्डै ५०० को हाराहारीमा रहेकामा अहिले यो सङ्ख्या १०० मुनि खुम्चेको छ। "गाईले राम्ररी खान पाएका छैनन्," गौशाला नगरप्रमुख डा दीपेन्द्र महतो भन्नुहुन्छ, "सङ्घीय सरकारले यसको निदानमा पहिलो तत्परता देखाउन पर्छ।" निगौल गाई गौशालासँग भएको जग्गाको वैधानिक स्वामित्व, गोठ र भवनहरूसहितका संरचना व्यवस्थित गर्नसके यो ठाउँ धार्मिक पर्यटन र आर्थिक उपार्जनका लागि उर्वर बन्न सक्ने आफूसँग कार्ययोजना रहेको डा महतोको भनाइ छ।

नगरप्रमुख महतोले स्वामित्वसहितको जिम्मेवारी दिन अड्चन भए व्यवस्थापनको जिम्मा मात्र दिए पनि नगरपालिकाले यसको सम्भार गर्ने प्रतिबद्धता जनाएको बताउनुभयो। निगौल गाई गौशाला सञ्चालनका लागि अहिले पनि स्रेस्तामा १४८ बिघा जग्गा छ। गौशाला दरभङ्गा महाराजबाट उपहारमा प्राप्त नासो भएकाले यसको अतिक्रमित जग्गा स्वामित्वमा फर्काउन सङ्कल्पसहितको योजना चाहिने गौशाला-२ निगौलकै बासिन्दा रहनुभएका महोत्तरी-१ का प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो कोइरी बताउनुहुन्छ।

यता गौशालाका सर्वसाधारण गाई गौशालाको पूर्वस्थिति फर्काउन तीनै तहका सरकारको समन्वयात्मक पहलकदमी हुनपर्नेमा उहाँको जोड छ।

गौशालामा अहिले पनि राष्ट्रिय सहकारी बोर्डले पठाएका ज्यालादारीसहित ३० जना कर्मचारी छन्। आफू २०७९ साउनमा जिम्मेवारीमा आउँदा ७० लाखभन्दा माथि रहेको कार्यालयले तिर्नुपर्ने बक्यौता खेतीपातीबाटै भएको आम्दानीबाट तिरेर २४ लाखमा झारेको अहिलेका कार्यालय प्रमुख वीरबहादुर चौधरी भन्नुहुन्छ, "तर आर्थिक अवस्था भने फेरिएको छैन।"

यता गौशालाले पाउनुपर्ने रकम नआएको उहाँको गुनासो छ। गौशालाले पोखरी ठेक्का र बाली ठेक्काबाट ७९ लाख करिब पाउनुपर्ने रकम ठेकदारबाट नपाउँदा आर्थिक समस्या झेल्नु परेको चौधरीले बताउनुभयो।

गाई गौशालाको नाउँमा १४८ बिघा जग्गामध्ये राजनीतिक क्षेत्रबाट संरक्षित व्यक्तिहरूबाट झन्डै ५० बिघा जति अतिक्रमणको चपेटामा परेको जनाइएको छ। यो अतिक्रमण गरिएका जग्गामा घर ठडिएका छन्। जग्गामध्येमा १० बिघामा गाई गोठ, नौ/नौ बिघामा पोखरी र फूलबारी र करिब ५६/५७ बिघाजति खेतीयोग्य जग्गा छ। गाई गौशालाको जग्गामध्ये तीन बिघामा गौशाला नगरपालिकाले पशु हाट लगाउँदै आएको छ।

# नेपालमा दन्त चिकित्सकको भूमिका महत्वपूर्ण छ : मन्त्री यादव

काठमाडौं, २६ जेठ (रासस)।

खानेपानीमन्त्री प्रदीप यादवले नेपालमा दन्त चिकित्सकको आवश्यकता, महत्व र माग निकै ठूलो भएको बताउनुभएको छ।

आज पिपल्स डेन्टल कलेज एन्ड हस्पिटलले आफ्नो कलेजका प्रमुख संस्थापक दिवङ्गत स्व तीर्थरत्न बज्राचार्यको २२औं बार्षिक पुण्यतिथिका अवसरमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले नेपालमा दन्त स्वास्थ्य सेवाको आवश्यकता दिनानुदिन बढ्दो रहेको र दन्त चिकित्सकको भूमिका अझ महत्वपूर्ण हुँदै गइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "नेपालमा अझै धेरै ग्रामीण तथा दुर्गम क्षेत्रमा दन्त स्वास्थ्य सेवाको पहुँच कमजोर छ, जसका कारण त्यहाँ दन्त चिकित्सकको माग अत्यन्तै उच्च छ, सरकारले यस दिशामा ध्यान दिइरहेको छ र आगामी दिनमा दन्त स्वास्थ्य सेवा विस्तार गर्ने योजनामा पनि काम भइरहेको छ।"

दिवङ्गत बज्राचार्यको योगदानको उच्च मूल्याङ्कन गर्दै मन्त्री यादवले स्व बज्राचार्यले नेपाली दन्त चिकित्सक शिक्षाको जग हाल्ने कार्य गर्नुभएको र उहाँको योगदान आज पनि स्मरणीय रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "दन्त स्वास्थ्य सेवाका लागि तीर्थरत्न बज्राचार्यको योगदान ठूलो छ, उहाँको सपना साकार पार्न र नेपाली नागरिकलाई सहज र सुलभ रूपमा सेवा प्रदान गर्ने कार्यमा यस अस्पताल र यहाँका विद्यार्थीहरूको महत्वपूर्ण भूमिका रहन्छ।"

कार्यक्रममा जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्ष राजेन्द्रप्रसाद श्रेष्ठले दन्त स्वास्थ्य सचेतना अभिवृद्धि, ग्रामीण क्षेत्रमा सेवा विस्तार र दन्त चिकित्सक शिक्षामा गुणस्तर वृद्धिका लागि सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेकामा जोड दिनुभयो।

पिपल्स डेन्टल कलेज एन्ड हस्पिटलका प्रमुख कार्यकारी अधिकृत भीमबहादुर चन्दले पिपल्स डेन्टल कलेज एन्ड हस्पिटलमा एमबिबिएसको पढाइ सञ्चालन गर्नका लागि भौतिकलगायत अन्य प्रक्रिया अघि सारिए पनि अहिलेसम्म अध्यापनका लागि अनुमति नपाएको भन्दै गुनासो व्यक्त गर्नुभयो।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य शैलेन्द्र बज्राचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इन्जिनियर रामकुमार श्रेष्ठ, पिपल्स डेन्टल कलेजका अध्यक्ष विद्याभूषण बज्राचार्य, सेयर होल्डर शहनशीला बज्राचार्य, प्रबन्ध निर्देशक रोशन लुइँटेल, प्राचार्य प्रा डा सुरेन्द्रमान श्रेष्ठ, विद्यार्थी र विभिन्न स्वास्थ्य क्षेत्रका प्रतिनिधिको उपस्थिति रहेको थियो।

**राजविराज...**



मनपरी र एकलौटी गर्न खोजेकाले आफू कार्यवाहक नगरप्रमुख विरुद्ध उत्रेको दावी गरेका छन्।

आर्थिक वर्ष २०७३/७४ मा राजरंगशालाको स्तरोन्ती कार्यको ठेक्का लिएका न्यू गहिल कन्स्ट्रक्सनका संचालक समेत रहेका भिमराज यादवसहित केही निर्माण कम्पनी विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनी निलम्बित भएका थिए।

उक्त आरोपत्र उपर सुनुवाई गर्दै विशेष अदालतले यादवको विपक्ष फैसला सुनाएपछि अहिले उनी सर्वोच्चमा पुनरावेदन गरेका छन्।

# नेपाली भाषा साहित्यका १३ कृति चिनियाँ भाषामा अनुवाद हुने

काठमाडौँ, २७ जेठ (रासस)।

नेपाली साहित्यका १३ कृति चिनियाँ भाषामा अनुवाद गरी चीनमा बिक्री वितरणका लागि छनोट गरिएको छ।

नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र जनवादी गणतन्त्र चीनको नेसनल एडमिनिस्ट्रेसन अफ प्रेस एन्ड पब्लिकेसनबीच दुई देशका शास्त्रीय ग्रन्थ अनुवाद एवम् प्रकाशनसम्बन्धी भएको द्विपक्षीय समझदारीपत्रअनुरूप नेपाली साहित्यका १३ कृति छनोट भएको नेपाल प्रज्ञा(प्रतिष्ठानका सदस्यसचिव डा धनप्रसाद सुवेदीले राससलाई जानकारी दिनुभयो।

प्रधानमन्त्री पुष्पकमल दाहालको २०८० सालमा भएको भ्रमणका क्रममा नेपालको संस्कृति मन्त्रालय र चीनको पब्लिकेसनबीच सम्झौता भएको थियो। सम्झौताअनुसार लक्ष्मीप्रसाद देवकोटाको 'लक्ष्मी निबन्ध सङ्ग्रह', दौलतविक्रम विष्टको 'चपाइएका अनुहार', भीष्म उप्रेतीको 'हिमाल, शेर्पा र यति', बाबुराम आचार्यको 'नेपालको सङ्क्षिप्त वृत्तान्त', डा हर्क गुरुङको 'मैले देखेको नेपाल', ध्रुवचन्द्र गौतमको 'अलिखित', डा राजु अधिकारीको 'यस्तो होस् जीवनशैली', सरुभक्तको 'चुली', सुलोचना मानन्धरको 'जीवनबाट जीवन सिकौं', सत्यमोहन जोशीको 'कलाकार अरनिको', मन्जुलको 'जाने होइन दाइ आलापोट ?', जनकलाल शर्माको 'हाम्रो समाज एक अध्ययन' र डोरबहादुर विष्टको 'सबै जातको फूलबारी' छनोटमा परेको उहाँले सुनाउनुभयो।

यसैगरी, चिनियाँ १३ वटा पुस्तक पनि नेपाली भाषामा अनुवाद गरी प्रकाशनका लागि छनोट भएको छ। 'रिडिङ गाइड फर सि चिनफिङ थट अन सोसलिजम विथ चाइनिज क्यारेक्टरिस्टिक्स फर अ न्यू एरा', 'सेभेन्टी इयर्स अफ न्यु चाइना', 'द ओरिजिन्स अफ चाइनिज सिभिलाइजेसन', 'द एनोटेटेड क्रिटिकल लाओजी', 'सेलेक्टेड स्टोरिज अफ जिया दसान', 'ह्वाई एन्ड हाउ द सिपिसी वर्क्स इन चाइना', 'ह्वाइट डिअर प्लेन', 'रेड सर्गम', 'ट्रान्सलेसन एन्ड एनोटेसन अफ द बुक यक चुआङ्जी', 'द स्ट्र हाउस', 'द म्याजिक गर्ड', 'इस्टर्न एन्ड वेस्टर्न कल्चर्स एन्ड फिलोसफिज' र 'अ ब्रिफ हिस्ट्री अफ एन्सिएन्ट चाइनिज आर्किटेक्चर' छनोट भएको प्रतिष्ठानले जनाएको छ।

पुस्तक अनुवाद गर्न नेपाल चीन संयुक्तविज्ञ समिति पनि गठन भएको छ। त्यसको अध्यक्ष प्रतिष्ठानका कुलपति भूपाल राई हुनुहुन्छ। यसैगरी, सदस्यहरूमा प्रतिष्ठानका सदस्यसचिव डा धनप्रसाद सुवेदी (प्रकाशनको काम हेर्ने गरी), प्राज्ञ परिषद् सदस्य डा कृष्णराज अधिकारी (प्राज्ञिक काम हेर्ने गरी), प्राज्ञ परिषद् सदस्य हंसावती कुर्मी (अनुवाद कार्यको संयोजन गर्ने गरी) र डा सर्वोत्तम श्रेष्ठ (अनुवादक तथा चिनियाँ भाषाविज्ञ) हुनुहुन्छ।

यसैगरी, अनुवादको सचिवालय संयोजकमा डा सुशील प्रजापति (चिनियाँ भाषा विज्ञ), सदस्यमा सविना महर्जन (चिनियाँ अनुवादक) र प्रतिष्ठानका अधिकृत रवीन्द्र तिमसेना रहनुभएको छ।


**मालपोत कार्यालय कन्चनपुर, सप्तरी [illegible] छुट जग्गा दर्ता सहित नामसारी**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना**

मिति: २०८२/२/२५

सप्तरी जिल्ला बरमझिया गा.वि.स. वा.नं. १ हाल परिवर्तित ठेगाना कन्चनरुप न.पा. वा.नं. २ बस्ने जितन पंडित, रतन पंडित कुम्हाल र विशेश्वर पंडित समेत ३ (तीन) जनाले बाबु फौदी पंडित कुम्हालको नाममा नाप नक्सा भई दर्ता हुन सम्म छुट भएको तपसील बमोजिमको जग्गा रहेकोमा निज फौदी पंडित कुम्हालको मिति २०४५।४।२९ मा र निजको एकमात्र पत्नि सुगावतीदेवी पंडितको मिति २०३४ साल अगावैमा मृत्यु भएको र निजहरुको शेषपछिको हकवाला अविवाहित छोरीहरु कोही नभई तीन मात्र छोराहरु र जितन पंडित, रतन पंडित कुम्हाल र विशेश्वर पंडित मात्र रहेकोले हाम्रो नाममा छुट जग्गा दर्ता गरी नामसारी गरी पाऊँ भन्ने व्यहोरा खुलाई यस कार्यालयमा निवेदक संख्या तीनले द.नं. ५८९६ मिति २०८२।१।२१ मा निवेदन मागदावी गरेकोमा निवेदकहरुको नाममा छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपूर्जा दिन नमिल्ने कुनै कारण भए वा माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी हुनु नपर्ने कुनै कारण भए सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गुठी लगायत अन्य साँध सँधियारको जग्गा घुसी घुसाई नाँप जाँच भएको भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीको लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित किता जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्यादबाहेक ३५ (पैतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजुर/दावी गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको उजुर/दावी पर्न नआए माग दावीलाई स्वीकार गरेको मानी कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ।

तपसील

| मृतक ज.ध. | ज.ध.को बाबुको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| फौदी पंडित कुम्हाल | हितलाल | दुखी पंडित | सप्तरी | बरमझिया | ५ | १४२ | ०-५-७ | फिल्डबुक उत्तारको कैफियत महलमा दा.खा. बाँकी उल्लेख रहेको। |
| | | | सप्तरी | बरमझिया | ५ | १७ | ०-०-१३ | |

कार्यालय प्रमुख

मालपोत कार्यालय,

कन्चनपुर, सप्तरी


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*